ALL INDIA RADIO GANGTOK
NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs Date: 17.08.2024

Doctors-Health Ministry

केन्द्रीय स्वास्थ्य मन्त्रालयले आन्दोलनरत चिकित्सकहरूको सुरक्षा सुनिश्चित गर्न हर सम्भव प्रयास गर्ने आश्वासन दिएको छ र उनीहरूलाई जन हित कार्यमा फर्कन आग्रह गरेको छ। मन्त्रालयले भनेको छ, स्वास्थ्यकर्मीहरूको सुरक्षा सुनिश्चित गर्न◌े उपायहरू सुझाव गर्न समिति गठन गरिनेछ र राज्य सरकारहरूसहित सबै हितधारकका प्रतिनिधिहरूलाई आफ्नो सुझाव साझा गर्न आमन्त्रित गरिनेछ। कोलकाताको आर.जी कार मेडिकल कलेजका एक चिकित्सकमाथि भएको घटनापछि आवासीय चिकित्सक संघ, भारतीय चिकित्सा सङ्गठन अनि दिल्लीका सरकारी मेडिकल कलेज तथा अस्पतालहरूका प्रतिनिधिहरूले नयाँ दिल्लीमा केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयसँग भेट गरेका छन्। संघले कार्यस्थलमा स्वास्थ्यकर्मीहरूको सुरक्षालाई लिएर आफ्नो माग राखेको छ। मन्त्रालयले प्रतिनिधिहरूको माग सुनेको छ र स्वास्थ्यकर्मीहरूको

सुरक्षा सुनिश्चित गर्न सक्दो प्रयास गर्ने आश्वासन दिएको छ।

Sikkim Doctors-IMA Strike

कोलकातामा एक महिला चिकित्समाथि भएको जघन्य अपराधका विरोधमा आज एस.टी.एन.एम अस्पताल गान्तोकका चिकित्सक र कर्मचारीहरूले कालोपट्टी बाँधेर विरोध जनाएका छन्। यो विरोध भारतीय चिकित्सा सङ्गठनद्वारा आह्वान गरिएको राष्ट्रव्यापी विरोधको हिस्सा थियो, जसले देशभरिका स्वास्थ्यकर्मीहरूलाई आफ्नो आक्रोश व्यक्त गर्न र न्याय माग्न आग्रह गरेको छ। भारतीय चिकित्सा सङ्गठनले आह्वान गरेको राष्ट्रव्यापी हड्तालमा मणिपाल अस्पताल गान्तोक पनि आबद्ध भएको छ। त्यस्तै गरी, गेजिङ जिल्ला अस्पतालका स्वास्थ्य कर्मचारीहरूले पनि त्यो दुःखद घटनाका पीडित परिवारप्रति आफ्नो साथ र समर्थन जनाउँदै, भारतीय चिकित्सा सङगठनद्वारा न्यायको मागमा आह्वान गरेको राष्ट्रव्यापी आन्दोलनमा सहभागिता जनाएका छन्। चिकित्सकहरूले यो जघन्य अपराधलाई असहनीय बताउँदै दोषीलाई छिटोभन्दा छिटो कडा दण्डको माग गरेका छन्। उनीहरूले भनेका छन्, हामी स्वास्थ्यकर्मीहरूको सुरक्षा गर्न र महिलाविरुद्ध हुने हिंसालाई रोक्न कडा कानुन बनाउन आग्रह गर्दछौँ, किनकि त्यस्ता घटनाहरू जुनसुकै ठाउँमा हुन सक्छन्।

नेपाली साहित्य परिषद, सिक्किमले 33 औँ नेपाली भाषा मान्यता दिवस 2024 का अवसरमा दार्जिलिङका प्रसिद्ध नेपाली सङ्गीतकार तथा गायक श्री बसन्त क्षेत्रीलाई मनन केन्द्रमा अगस्ट २० का दिन प्रतिष्ठित कञ्चनजङ्घा मित्रसेन स्मृति पुरस्कार प्रदान गर्ने भएको छ। श्री क्षेत्री 'रात गहिरिँदै जाँदैछ', 'सहरभित्र केको हल्ला', 'सागरभन्दा गहिरो', 'मदेखि तिमी धेरै टाढा' लगायतका चर्चित नेपाली गायकहरूले गाएका नेपाली सदाबहार गीतका रचनाकार हुनुहुन्छ। परिषदका अध्यक्ष श्री हरि ढुङ्गेलले आज पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै, वार्षिकोत्सवका अवसरमा विभिन्न क्षेत्रका व्यक्तित्वहरूलाई सम्मान गरिने, साथै सिक्किम विश्वविद्यालयबाट सन् 2023 का नेपाली भाषा टपर केशव दाहाललाई प्रेमलाल स्मृति शैक्षिक पुरस्कार प्रदान गरिने र त्यसपछि नेपाली भाषाको वर्तमान अवस्थाबारे छलफल हुने कार्यक्रम रहेको बताउनुभयो। उहाँले सबै जनतालाई कार्यक्रममा सहभागी हुन आग्रह गर्नुभएको छ। परिषदका संस्कृति सचिव श्री गणेश ढुङ्गेलले कार्यक्रमको अर्को आकर्षण नेपाली क्लासिक सदाबहार गीतहरूको प्रस्तुति हुने र यसमा ताथ्या ब्यान्ड र

सिक्किमका स्थानीय कलाकारहरूले पुराना क्लासिक सदाबहार गीतहरू प्रस्तुत गर्ने जानकारी दिनुभयो।

HEALTH- MONKEYPOX

केन्द्रीय स्वास्थ्य मन्त्रालयले हालसम्म देशमा मङ्कीपक्सको कुनै मामिला नभेटिएको जनाएको छ। विश्व स्वास्थ्य सङ्गठनले मङ्कीपक्सलाई अन्तर्राष्ट्रिय स्तरमा  चिन्ताजनक सार्वजनिक स्वास्थ्य आपतकाल घोषणा गरेका सन्दर्भमा, केन्द्रीय स्वास्थ्य मन्त्री श्री जेपी नड्डाले आज बसेका बैठकमा मङ्कीपक्सको अवस्था र तयारीको समीक्षा गर्नुभयो। समीक्षा बैठकमा रोगको फैलावट रोक्न र नियन्त्रण गर्न सावधानीका उपायहरू अवलम्बन गर्ने निर्णय गरिएको छ। उपायहरूमा सबै एयरपोर्ट, बन्दरगाह र ग्राउन्ड क्रसिङहरूमा स्वास्थ्य एकाइहरूलाई संवेदनशील बनाउने, परीक्षण प्रयोगशालाहरू तयार पार्ने, र कुनै पनि मामिला पत्ता लगाउन, अलग गर्न र व्यवस्थापन गर्न स्वास्थ्य सुविधाहरू तयार पार्ने कार्य समावेश छन्। बैठकमा, मङ्कीपक्स सङ्क्रमणहरू सामान्यतया सङ्क्रमित व्यक्तिमा 2 देखि 4 हप्तासम्म रहन्छ, र बिरामीहरू सामान्यतया राम्रो हेरचाहपछि निको भइहाल्छन् भन्ने निक्यौंल गरियो। मन्त्रालयले थप जानकारी दिएअनुसार, सङ्क्रमित व्यक्तिसँग लामो समयसम्म सम्पर्कमा रहेमा मात्र सङ्क्रमण

हुन्छ, त्यो पनि सामान्यतया यौन सम्पर्क, शरीरको तरल पदार्थसँग प्रत्यक्ष सम्पर्क, वा सङ्क्रमित व्यक्तिको दूषित कपडाबाट सङ्क्रमण हुने गर्छ।

समाचार पूरा भयो।